बैठक संख्या: ३./२०८२-०८३
स्थान : रासी नगरपालिका सभाहल

मिती : २०८२।०७।२० गते
समय : विहान ८:०० बजे

रासी नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री देवेन्द्र लामाज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो।

तपसिल

| क.स. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री देवेन्द्र लामा | का.नगर प्रमुख | |
| २ | श्री अन्जु सुनार | का.वा. वडा अध्यक्ष वडा नं. १ | |
| ३ | श्री श्यामसुन्दर उप्रेती | वडा अध्यक्ष वडा नं.२ | |
| ४ | श्री शिवकान्त ओली | वडा अध्यक्ष वडा नं.३ | |
| ५ | श्री केदार प्रसाद आचार्य | वडा अध्यक्ष वडा नं.४ | |
| ६ | श्री सिताराम तामाङ | वडा अध्यक्ष वडा नं.५ | |
| ७ | श्री जल्लु महतो थारु | वडा अध्यक्ष वडा नं.६ | |
| ८ | श्री सुमिता डल्लाकोटी | वडा अध्यक्ष वडा नं.७ | |
| ९ | श्री पुर्ण प्रसाद आचार्य | वडा अध्यक्ष वडा नं.८ | |
| १० | श्री खड्ग बहादुर तमाङ्ग | वडा अध्यक्ष वडा नं.९ | |
| ११ | श्री मान कुमार चेपाङ | का.वा.वडा अध्यक्ष वडा नं.१० | |
| १२ | श्री बुद्धि बहादुर तामाङ | वडा अध्यक्ष वडा नं.११ | |
| १३ | श्री अर्जुन प्रजा | वडा अध्यक्ष वडा नं.१२ | |
| १४ | श्री अशोक कुमार प्रजा | वडा अध्यक्ष वडा नं.१३ | |
| १५ | श्री गोमादेवी घरेल | कार्यपालिका सदस्य | |
| १६ | श्री मित्रा कुमारी तितुङ | कार्यपालिका सदस्य | |
| १७ | श्री कविता राई | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १८ | श्री रमिता परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री मिना कुमारी अधिकारी | कार्यपालिका सदस्य | |
| २० | श्री आइती देवी दराई | कार्यपालिका सदस्य | |
| २० | श्री रेलबहादुर प्रजा | कार्यपालिका सदस्य | |
| २२ | श्री भक्त बहादुर सुनार | कार्यपालिका सदस्य | |
| २३ | श्री गोविन्द प्याकुरेल | नि.प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित

| क्र.स. | पदाधिकारी/कर्मचारीको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गुनु वि.क. | जि.स.स.सदस्य | |
| २. | विजेलाल डांगी | अधिकृत इंटे. | |
| | | | |
| | | | |

**प्रस्ताव तथा निर्णयहरु**

१. २०८२ भदौ २३ र २४ गतेको जेनजी आन्दोलनबाट क्षती भएको कागजतको पुन अभिलेखिकरण सम्बन्धमा ।

२. भवन नक्सापास तथा अभिलेखिकरणका लागि सार्वजनिक सूचना आह्वान गर्ने सम्बन्धमा ।

३. लोथर खोला उत्खन्नको लागि सहमति सम्बन्धमा ।

४. बेरुजु सम्बन्धी छलफल र सम्परिक्षण सम्बन्धमा ।

५. प्रारम्भिक वातावरण परिक्षण IEE सम्बन्धमा ।

६. विविध ।

**प्रस्ताव तथा निर्णयहरुः**

| क्र.स. | प्रस्तावको व्यहोरा/क्षेत्र | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | २०८२।०५।२३-२४ गतेको जेन जी (Generation-Z) आन्दोलनबाट क्षती भएको कागजातको पुन: अभिलेखिकरण सम्वन्धमा । | वि. सं. २०८२ भदौ २३ र २४ गतेको जेन जी आन्दोलनबाट क्षती भएको कागजातको पुन: अभिलेखीकरण गर्ने प्रयोजनका लागि; नगर पालिकाको नष्ट भएको न. पा. नक्सा अभिलेखिकरण तथा पास सम्वन्धी कागजात र क्षति भएका राप्ती नगरपालिकाको वडा नं. का वडा कार्यालयहरुको कागजात क्रमश नपा र संबन्धित वडामा अभिलेख व्यवस्थापनको लागि सार्वजनिक सूचना मार्फत **सेवाग्राहीसंग भएको सम्वन्धित सेवासंग सेवाग्राहीप्रति र सो को पुष्ट्याईगर्ने अन्य आवश्यक कागजात** माग गर्ने र सो को सनाखत तथा प्रमाणिकरण गराई नगर पालिका तथा वडा कार्यालयको अभिलेखको रुपमा पुन: व्यवस्थापन गर्ने निर्णय गरीयो । साथै संघिय सरकारबाट प्राप्त पत्रानुसार यो प्रकृयामा नगर पालिका तथा वडा कार्यालबाट कुनै सिफारिस गर्दा राप्ती नगरपालिकाको आर्थिक एन तथा अन्य प्रचलित एन बाट शुल्क तथा दस्तुर लाग्ने रहेछ भने सो छुट दिने र व्यहोरा आगामी नगर सभाबाट अनुमोदन गर्ने निर्णय गरियो । |
| २ | भवन नक्सापास तथा अभिलेखिकरणका लागि सार्वजनिक सूचना जारी गर्ने सम्वन्धमा । | नगर पालिकामा निर्मित भवनको अनिवार्य भवन नक्सापास गरी बनाउन तथा नगर पालिकाको राप्ती नगरपालिकाको स्थापना मिति वि.सं. २०७२ साल भन्दा अगाडी वनेको भवनहरुको अभिलेखिकरण गर्ने प्रयोजनका लागि राप्ती नगरपालिकाको मिति २०...... को नगर कार्यपालिकाको निर्णय कार्यान्वायनको समयावधी २०८२/१२/३० सम्म कायम गरी सार्वजनिक सूचना जारी गर्ने निर्णय गरीयो । |
| ३ | राप्ती नगरपालिका र मकवानपुर , जिल्लाको राक्सिराङ गाउँपालिका भएर बग्ने लोथर खोलाको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा निकासीको संयुक्त ठेक्का सम्वन्धमा । | राप्ती नगर पालिकाको नं.११ वडाको देखि लामो वगर र मकवानपुर जिल्लाको राक्सिराङ गाउँपालिकाको क्षेत्र हुँदै बग्ने समेत परेको र सो गाउँ पालिकासंग संयुक्त IEE प्रतिवेदन समेत भएकाले आवश्यक कानुनी प्रकृया पुरा गरी सार्वजनिक सूचना- बोलपत्र मार्फत ढुङ्गा गिट्टी बालुवा उत्खनन तथा निकासी कर संकलन गर्ने तथा सो संकलनको पचास प्रतिशत रकम यस राप्तीनगर पालिकामा जम्मा हुन अनुमती प्रदान गर्ने निर्णय गरीयो । |
| ४ | बेरुजु सम्वन्धी छलफल तथा सम्परीक्षण सम्वन्धमा । | राप्ती नगर पालिकाको हाल सम्मको वेरुजु सम्परीक्षणका लागि पत्र काट्ने, प्रमाण संकलन गर्ने, नियमितताका लागि आवश्यक निर्णय उठान गर्ने र सम्परिक्षणका लागि सम्पुर्ण कार्य गर्नका लागि नगर पालिकालाई निर्देशन गर्ने निर्णय गरीयो । |

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ५ | प्रारम्भिक वातावरणीय परीक्षण(IEE) सम्बन्धमा । | राप्ती नगरपालिकाको क्षेत्र हुँदै बग्ने तपसिलका खोलाहरुको आगामी आ. व. २०८२/०८३ देखि को ढुङ्गा गिट्टी बालुवा उत्खनन तथा निकासी कर उठाउने प्रयोजनका लागि प्रारम्भिक वातावरणीय परीक्षण(IEE) गर्ने सम्वन्धमा खोलाको अध्यावधिक अवस्थाको प्राविधिक निरीक्षण गराई प्रतिवेदन गराउने निर्णय गरीयो ।<br>तपसिल:<br>१. राप्ती नगरपालिकाको वडा नं. १ र छिमेकी मकवानपुर जिल्लाको मनहरी गाउँपालिका हुँदै बग्ने लोथर खोला<br>२. राप्ती नगरपालिकाको वडा नं. ३ र ४ को सिमाना हुँदै बग्ने मर्ताल खोला<br>३. राप्ती नगरपालिकाको वडा नं. ७,८,१० हुँदै बग्ने पम्फा खोला<br>४. राप्ती नगरपालिकाको वडा नं. ८,९ हुँदै बग्ने च्यात्रा खोला, दुधकोशी खोला र बगरे खोला<br>५ राप्ती नगरपालिकाको वडा नं. १२ हुदैं बग्ने बाङसिलिङ हुँदै बग्ने लोथर खोला खोला (मकवानपुर जिल्लाको राक्सिराङ गाउँपालिकासंग संयुक्त IEE को प्रस्तावमा संयुक्त IEE गर्न सकिने ) |
| ६ | बिविध | चालु आ.व. २०८२।०८३ का लागि राप्ती नगरपालिकाको क्षेत्र भित्रको माग निवेदन बमोजिमको निजी जग्गाधनी पुर्जा भएको स्थानबाट माटो उठाई अन्य स्थानमा पुर्ने प्रयोजनका लागि अग्रिम राजश्व संकलन गरी उत्खनन तथा निकासी गर्न कानुन बमोजिम अनुमती प्रदान गर्ने सम्व्रन्धमा नगर कार्यापालिकाको कार्यालयलयलाई सैध्दातिक सहमती प्रदान गर्ने निर्णय गरीयो। |

का.वा. नगर प्रमुख